निर्णय नं.१ : प्रस्ताव नं. १ का सम्बन्धमा छलफल गर्दा यस अगाडीको बैठकमा गरिएका निर्णयहरु बारे समिक्षा गरियो र  कार्यान्वयनमा आएका निर्णयहरुलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्ने र गर्न बाँकी निर्णयहरुलाई कार्यान्वयनको प्रकृयामा अगाडी बढाउने सर्वसम्मत निर्णय गरियो ।

निर्णय नं २ :  प्रस्ताव नं.२ माथि छलफल गर्दा सत्यवती मेला पालिकाको ऐतिहासिक तथा धार्मिक संस्कृतिको चिनारी भएकोले सो को प्रभावकारी व्यवस्थापनको लागि मन्दिर व्यवस्थापन समिति तथा वडा कार्यालय सँग समन्वय गरि मन्दिर सम्म पुग्ने पहुँच मार्गको मर्मत तथा सुधार गरि श्रदालु भक्तजनहरुलाई मन्दिर सम्म सहज आवागमनको व्यवस्था गर्ने तथा ट्राफिक व्यवस्थापनका लागि जिल्ला स्थित सुरक्षा निकाय सँग समन्वय गरि आवश्यक व्यवस्थापन गर्ने  सर्वसम्मत निर्णय गरियो । साथै सत्यवती मेला पालिकाको ऐतिहासिक तथा  धार्मिक धरोहर तथा संस्कृतिको रुपमा रहेकोले यसलाइ प्रबर्द्धन गर्दै हर्षोल्लासका साथ मनाउन मिति २०८२ कार्तिक १९ गते गाँउपालिका क्षेत्र भर स्थानीय बिदा उपलब्ध गराउने सर्वसम्मत निर्णय गरियो ।

निर्णय नं ३ : प्रस्ताव नं.३ माथि छलफल गर्दा संघीय सरकारबाट हस्तान्तरित बिशेष अनुदान अन्तर्गत तिनाउ गुणस्तरिय शैक्षिक विकास तथा साक्षरता सुधार परियोजना कार्यक्रम अन्तर्गत कार्यपालिकाबाट स्विकृत कार्यविधी अनुरुप तिनाउ गाउँपालिका शिक्षा समितिबाट सिफारिस भए बमोजिम  माग तथा आवश्यकता अनुरुप दोहोरो नहुने गरि मुख्यत देहायका क्रियाकलाप हुने गरि परियोजना कार्यक्रम कार्यान्वयन गर्ने सर्वसम्मत निर्णय गरियो ।

देहायः

माध्यमिक तथा आधारभूत विद्यालयहरुका ८ र १० कक्षामा स्मार्ट बोर्ड जडान गर्ने ।

बाल विकास कक्षाहरुलाइ एक थान स्मार्ट टिभि साथ थप व्यवस्थित गर्ने ।

फर्निचर खरिद गरि व्यवस्थापन गर्ने ।

अन्य विद्यालयलाइ एक सेट कम्प्यूटर तथा प्रिन्टर उपलब्ध गराउने ।

निर्णय नं ४ : प्रस्ताव नं.४ माथि छलफल गर्दा देहायबमोजिमको सर्वसम्मत निर्णयहरु गरियो ।

क. संघीय सरकारबाट हस्तान्तरित सशर्त कार्यक्रम अन्तर्गत मासुका लागि पाडा प्रबर्द्धन कार्यक्रम अन्तर्गत मिति २०८२।०५।१७ मा १५ दिने सूचना प्रकाशन गरि माग निवेदन संकलन गरेकोमा देहाय बमोजिम हुने गरि वडागत संख्या निर्धारण गरि गाउँपालिकाको स्विकृत लागत अनुमान तथा स्पेशिफिकेशन अनुरुप हुने गरि पचास प्रतिशत अनुदान रकम सम्बन्धित लाभग्राहीलाइ उपलब्ध गराउने ।

देहायः

| सि.नं. | वडा कार्यालय | माग संख्या | वितरण गर्ने संख्या (आनुपातिक रुपमा ) | कैफियत |
|---|---|---|---|---|
| १ | १ | ९ | ३ | |
| २ | २ | ७५ | २५ | |
| ३ | ३ | ८ | ३ | |
| ४ | ४ | ० | ० | |
| ५ | ५ | १३ | ५ | |
| ६ | ६ | २३ | ८ | |
| | **जम्मा** | **१२८** | **४४** | |

ख. तिनाउ गाउँपालिका द्धारा सञ्चालन गरिने चालू आर्थिक बर्षका स्विकृत योजना तथा कार्यक्रम मंसिर महिना भित्र सम्झौता गर्ने गरि सबै वडा तथा पालिका कार्यालयले आवश्यक तयारी तथा प्रबन्ध गर्ने ।

ग. तिनाउ गाउँपालिकाको कार्यालयमा समेत प्रयोग गर्ने पाखापानी खानेपानी आयोजनामा पहिरो गई आयोजना अवरुद्ध भएको तथा उक्त खानेपानी आयोजना पुन सुरुवात देखि नै निर्माण गर्नु पर्ने भएकोले वडा कार्यालयबाट विनियोजित रकम र गाउँपालिकाबाट संकेत नं ६१३.२२ .१.१२१ , खानेपानी तथा सरसफाई कार्यक्रम शिर्षकबाट अधिकतम तिन लाख रुपैयाँ स्रोत सुनिश्चित गरि उक्त खानेपानी आयोजनाको कार्यान्वयन प्रकृया अगाडी बढाउने ।

घ. यस तिनाउ गाउँपालिकाको चालू आर्थिक बर्षको स्विकृत योजना तथा कार्यक्रम अन्तर्गतका देहायका आयोजनाहरु र श्री खानेपानी तथा सरसफाइ डिभिजन कार्यालय तानसेन,पाल्पाको कार्यालयबाट कार्यान्वयन हुने क्रमागत आयोजनाहरु सँग एकै स्थानमा एकै प्रकृतिको पर्न गएकोले उक्त आयोजनाहरु नियमानुसार कार्यान्वयन प्रकृया अगाडी बढाईदिनु हुन श्री खानेपानी तथा सरसफाइ डिभिजन कार्यालय,पाल्पा लाइ सिफारिस गर्ने ।

तपशिलः

| सि.नं. | आयोजनाको नाम | श्रोत | विनियोजित रकम रु. |
|---|---|---|---|
| १. | अर्खले लिफ्टिङ्ग खानेपानी योजना,तिनाउ-६ | आन्तरिक | १५०००००। |
| २. | कुसुमडाँडा –जामुने खानेपानी योजना,तिनाउ-२ | प्रदेश सर्शत | २५०००००० |